# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन,
बागमती प्रदेश, नेपाल

प.सं.०८१/०८२ का.मा.शा.
च.नं. ३५५६

मिति २०८१/१०/२४
नेपाल सं.११४५ सिल्लाथ्व ९ बिहिवार

विषयः फैसला कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै(१-२९),
महाशाखा/शाखाहरु सबै,
भरतपुर महानगरपालिका,चितवन ।

प्रस्तुत विषयमा मिना लामिछानेको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं. २ स्थायी घर भएका पूर्णचन्द्र अर्यालको छोरा (ना.प्र.नं. १०६८४/०४४ जारी मिति २०५६/९/२८) दिनेश बाबु अर्याललाई मुद्दा नं. ०८०-C१-४२८८, बैकिङ्ग कसुर मुद्दामा काठमाण्डौ जिल्ला अदालतबाट मिति २०८०/१२/०७ मा निज प्रतिवादीलाई अभियोग दावी बमोजिम ०।२।० (दुई महिना) कैद, २०,००,०००।- (बीस लाख) जरीवाना तथा कानून बमोजिम पिडित राहत कोषमा क्षतिपूर्ति शुल्क समेत जम्मा गर्नुपर्ने ठहरी फैसला भएको र निज प्रतिवादीलाई ठहरेको कैद जरीवाना र क्षतिपूर्ति शुल्क बेरुजु रहेकोले "निजको जरिवाना असुल नभएसम्म निजको सेवा सुविधा रोक्काको लागि निजको वतन रहेको स्थानीय पालिकामा लेखि पठाउनु" भन्ने समेत व्यहोराको फैसला भएकोले सोही फैसला बमोजिम गर्नु गराउनुहुन भनी काठमाण्डौं जिल्ला अदालतको पत्र संख्या ०८१/०८२ च.नं. ०८१-३९-०२६९५२ मिति २०८१/०९/११ गतेको पत्रद्धारा जानकारी प्राप्त भएको हुँदा सम्मानित काठमाण्डौं जिल्ला अदालतको फैसला बमोजिम चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. २ बस्ने पूर्णचन्द्र अर्यालको छोरा दिनेश बाबु अर्यालको हकमा निजले फैसला बमोजिम कैद जरीवाना भुक्तान नगरुन्जेल सम्मका लागि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम भरतपुर महानगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरु तथा महाशाखा/शाखा समेतबाट प्रदान गरिने कुनै पनि सिफारिस लगाएतका सम्पूर्ण सेवा सुविधाहरु रोक्का गरी अदालतको फैसला कार्यान्वयन गर्न आवश्यक सहयोग गर्नुहुन अनुरोध छ ।

**सादर अवगतार्थः**

श्री नगर प्रमुखज्यूको सचिवालय,भरतपुर महानगरपालिका चितवन ।
श्री नगर उप प्रमुखज्यूको सचिवालय,भरतपुर महानगरपालिका चितवन ।

**वोधार्थः**

श्री काठमाण्डौं जिल्ला अदालत, बबरमहल काठमाण्डौं (फाँट नं. २६)
श्री सूचना तथा सञ्चार प्रविधि शाखा, भरतपुर महानगरपालिका चितवनः- भरतपुर महानगरपालिका अन्तर्गत सम्पूर्ण वडा कार्यालय तथा महाशाखा/शाखाहरुमा समेत सम्प्रेषण गरिदिनुहुन ।

.....................
(लक्ष्मी प्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्‌बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)